मिति: २०८०/११/१७

# पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय अन्तर्गत मार्च सेसन-२०२४ को स्नातकोत्तरतह MBA, MBA-Finance, MBA-Global Business, MHCM and MCIS कार्यक्रमहरुमा अनलाइन छात्रवृत्तिमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुको लागि अत्यन्त जरुरी सूचना !

पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय अन्तर्गतको (MBA, MBA-Finance, MBA-Global Business MHCM and MCIS) विभिन्न कार्यक्रमहरुमा नियमानुसार छात्रवृत्तिमा अध्ययन अध्यापन गराउन मिति २०८०/११/१७ गते विहिबारका दिनदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०८०/१२/०१ गते विहिबार बेलुका ५:०० बजेसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

१) सम्बन्धित लिङ्कमा गइ MBA/MCIS/MHCM Scholarship सम्बन्धि Detail Notice को राम्रो अध्ययन गर्नुहोला ।

२) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा पेश गरिएका सिफारिस पत्रको सक्कल प्रति र अन्य कागजातहरुको प्रतिलिपिहरु माग गरेपछि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

४) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ । यदी कुनै पनि उम्मेदवारले पहिला नै अनलाईन फाराम भर्दा profile setup गरेको र छात्रवृत्ति प्राप्त नगरेको भए त्यस्ता उम्मेदवारहरुले आफ्नो पहिलाको Gmail ID बाट profile setup गरी राखेको profile लाई नै तोकिएको शुल्क तिरी पुनः अपलोड गर्नुपर्नेछ । यदी आफ्नो पुरानो profile setup भएको profile मा कुनै पनि विवरण थपघट गर्नुपर्ने भए सूचनामा दिएको सम्पर्क नम्बरमा सम्पर्क गर्नुपर्नेछ ।

५) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्छ ।

६) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नुपर्नेछ । यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ।

७) उम्मेदवार कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

८) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript / Character छैन भने प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका सबै सेमेष्टरका ग्रेडसीटहरुलाई स्क्यान गरी Agregate Marksheet / Character Certificate / Equivalancy Certificate उल्लेख भएको महलमा समावेश गर्ने । अथवा आफुले अध्ययन गरिरहेको शैक्षिक संस्थाबाट निज विद्यार्थीले प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका सबै सेमेष्टरको परीक्षा उत्तिर्ण गरि हाल फाइनल परीक्षाको परीक्षाफल कुरिरहेको भनि स्पष्ट सिफारिस गरिएको पत्र महलमा समावेश गर्ने ।

९) उम्मेदवारहरुले अनलाईन फाराम भर्दा सबै इन्फरमेसनका स्टेपहरु नछुटाईकन भरी सेभ गर्दै जानुपर्नेछ । यदी उम्मेदवार कुनै पनि कोटामा पर्ने छैन भनेपनि कोटा इन्फरमेसनको स्टेपलाई पनि नछुटाईकन सेभ गर्नुपर्नेछ ।

१०)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

११) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

पोखरा विश्वविद्यालय
व्यवस्थापन संकाय
स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०८०